# विषम परिस्थितिमा कक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणिकरण कार्यविधि, २०७७

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
प्रदेश नं. १, नेपाल

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## विषम परिस्थितिमा कक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणिकरण कार्यविधि, २०७७

स्वीकृत मिति: २०७७/१२/०८

प्रस्तावना:

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19) को महामारीका कारण विद्यालयमा भौतिक रुपमा विद्यार्थीको उपस्थिति हुन नसकेर पठनपाठन गर्न/गराउन भएको असहजता, नियमित रुपमा तोकिएको समयमा सञ्चालन गर्नुपर्ने वार्षिक परीक्षा सञ्चालन गर्न/गराउन भएको कठिनाइ, महामारी कायम रहने अवधि समेत अनिश्चित रहेको हुदाँ विद्यार्थीहरुको शैक्षिक सत्र समेतलाई मध्यनजर गर्दै, यस प्रकारको विषम परिस्थितिमा विद्यार्थीको शैक्षिक क्षतिलाई न्युनिकरण गर्न र सबै विद्यार्थीहरुको मूल्याङ्कन गरी कक्षोन्नति गर्न वाञ्छनीय भएकाले महाकुल्ङ गाउँपालिकाले महाकुलुङ गाउँपालिका, शिक्षा ऐन, २०७५ को परिच्छेद-१६ दफा ९० को उपदफा १ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो निर्देशिकाको नाम **विषम परिस्थितिमा कक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणिकरण कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि गाउँपालिका क्षेत्रभरका विद्यालयहरुमा लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "विषम परिस्थिति" भन्नाले विषाणु जन्य, किटाणु जन्य वा अन्य कारणले सिर्जित स्वास्थ्य सम्बन्धि महामारी वा भूकम्प, बाढीपहिरो, आगलागी वा अन्य प्रकारको प्राकृतिक विपत्तिको अवस्थालाई जनाउँदछ, जसको कारणले विद्यालयमा नियमित पठनपाठन तथा परीक्षा सञ्चालन गर्न कठिनाई तथा असहजता भन्ने सम्झनु पर्दछ ।

(ख) "विद्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक वा संस्थागत विद्यालयहरुलाई सम्झनु पर्दछ।

(ग) "परीक्षा" भन्नाले वार्षिक परीक्षा, अर्धवार्षिक र त्रैमासिक परीक्षा सम्झनुपर्दछ । सो शब्दले सम्बन्धित विद्यालय आफैँले प्रश्नपत्र निर्माण गरी सञ्चालन गर्ने परीक्षा सम्झनु पर्दछ ।

(घ) "कक्षोन्नति" भन्नाले विषम परिस्थितिमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक सत्र चालु रहेको भन्ने अवस्थामा तोकिएको शैक्षिक सत्रको अन्त्यमा यस निर्देशिका बमोजिम विद्यार्थीको मूल्याङ्कनको आधारमा विद्यालयले कक्षोन्नति गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ङ) "प्रधानाध्यापक" भन्नाले सम्बन्धित विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(च) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बधित विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले यस निर्देशिकाको परिच्छेद २ को दफा ५ बमोजिमको गठित समिति सम्झनुपर्छ ।

(ज) "अन्तिम मूल्याङ्कन" भन्नाले सम्बन्धित विद्यालयबाट यो निर्देशिकाको परिच्छेद २ को दफा ४ बमोजिम गरिएको विद्यार्थीको निर्णयात्मक मूल्याङ्कनलाई सम्झनुपर्छ ।

(झ) "कक्षा शिक्षक" भन्नाले हरेक विद्यालयका कक्षामा विद्यार्थीहरुको अभिलेख व्यवस्थापन गर्ने, हाजिर गराउने तथा कक्षाको शैक्षिक प्रशासनिक कार्य गर्न तोकिएको शिक्षकलाई सम्झनुपर्छ ।

(ञ) "शिक्षा शाखा" भन्नाले महाकुलुङ गाउँपालिकाको कार्यालय, शिक्षा शाखालाई सम्झनुपर्छ ।

(ट) "गाउँपालिका" भन्नाले महाकुलुङ गाउँपालिकालाई सम्झनुपर्छ ।

**३. उदेश्यः**

यस निर्देशिकाको उदेश्यहरु देहाय बमोजिम हुनेछन्:

(क) विद्यार्थीहरुका मूल्याङ्कन प्रणालीलाई एकरुपता, विश्वासनीय, वैधता र व्यवस्थित बनाउनु ।

(ख) विषम परिस्थितिमा समेत विद्यार्थीहरुका मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्नु ।

(ग) विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रोत्साहित गर्दै विद्यार्थीहरुका अध्ययन प्रति रुचिको विकास गर्नु, गराउनु ।

## परिच्छेद-२

## मूल्याङ्कन प्रणाली

**४. मूल्याङ्कनका आधारहरुः**

यस निर्देशिकामा मूयाङ्कनका आधारहरु देहाय बमोजिम हुनेछनः

(क) कक्षा १-३ का लागि विद्यालयको निरन्तर विद्यार्थी मूल्याङ्कनबाट कक्षोन्नति ।

(ख) विद्यालयले सञ्चालन गरेका परीक्षा

(ग) परियोजना कार्य

(घ) कक्षा सहभागिताा

(ङ) विद्यार्थीको हाजिरी

(च) विद्यार्थी अनुशासन

(छ) विद्यार्थीको अतिरिक्त क्रियाकलापमा सहभागिता

(ज) निरन्तर मूल्याङ्कन प्रणाली (CAS) अनुसारको मूल्याङ्कन



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

५. **मूल्याङ्कन समितिः** (१) विद्यालयद्वारा गरिएको अन्तिम मुल्याङ्कन विद्यालयमा भएको विवरणको अभिलेख अनुसारको विवरण प्रमाणित गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः

(क) सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा परीक्षा संयोजक -संयोजक

(ख) सम्बन्धि कक्षा शिक्षक - सदस्य

(ग) तहगत इन्चार्ज भएमा सम्बन्धित तहको इन्चार्ज - सदस्य

(घ) शिक्षकहरु मध्ये कम्तिमा १ महिला सहित २ जना सदस्य - सदस्य

६. **मूल्याङ्कन समितिले अन्तिम मूल्याङ्कन विवरण कायम गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः**

**(क) सैद्धान्तिक मूल्याङ्कनः** विद्यालयहरुले पाठ्यक्रम अनुसार विद्यालयहरुले लिएका परीक्षा तथा आन्तरिक मूल्याङ्कनबाट अधिकतम पाठ्यक्रमका उदेश्यहरु समावेश हुने गरी कक्षा ४ र ५ का लागि अनुसूची १, कक्षा ६, ७ र ८ का लागि अनुसूची २ र कक्षा ९ का लागि अनुसूची ४ मा उल्लेख गरिए अनुसार विषयगत रुपमा मूल्याङ्कन गरी अन्तिम मूल्याङ्कनको प्राप्ताङक दिने ।

**(ख) प्रयोगात्मक मूल्याङ्कनः** कक्षा ८ को हकमा विद्यार्थीहरुको प्रयोगात्मक प्राप्ताङ्क चढाउँदा सम्बन्धित विद्यालयले यस अगाडी नै प्रयोगात्मक परीक्षा सञ्चालन गरी महाकुलुङ गाउँपालिकाको कार्यालय शिक्षा शाखामा पठाएको विवरणमा फरक नपर्ने गरी सोही अंक चढाउनुपर्नेछ ।

७. **मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः**

(क) विषयगत तथा कक्षागत शिक्षकहरुबाट विद्यार्थीको मूल्याङ्कनको लागि आवश्यक पर्ने अभिलेख सङ्कलन गर्ने,

(ख) उक्त अभिलेखलाई अनुसूची १ अनुसार तयार गर्ने, गराउने ।

(ग) तयार भएको अभिलेखलाई शिक्षकहरु बीचमा छलफल गराई छलफलबाट आएको सुझाव अनुसार अन्तिम रुप दिई समितिले निर्णय गर्ने ।

(घ) विद्यार्थीको मूल्याङ्कन सम्बन्धमा समितिको संयोजक वा प्रधानाध्यापक मार्फत विद्यालय व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्ने । यसको बोधार्थ गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखालाई समेत अनिवार्य दिने ।

(ङ) कक्षा ८ को विद्यार्थीको हकमा विद्यार्थीको मूल्याङ्कनका लागि विद्यालयका परीक्षा समितिका संयोजक वा प्रधानाध्यापकले प्रमाणित गरेको विद्यार्थीको विषयगत प्राप्ताङ्क गाउँपालिकाको शिक्षा शाखालाई अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरी अनिवार्य सक्कल प्रति तोकिएको समय भित्र पेश गर्ने ।

**(७) नतिजाको प्रमाणिकरण र प्रकाशनः**

नतिजाको प्रमाणिकरण र प्रकाशन देहाय अनुसार हुनेछः



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(क) कक्षा ८ को नजिता गाउँपालिकाको कार्यालय, शिक्षा शाखाबाट प्रमाणिकरण गरी नतिजा प्रकाशन गर्ने ।

(ख) कक्षा ८ को बाहेक कक्षा १ देखि ९ सम्मका विद्यार्थीहरुको नतिजा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले प्रमाणित गरी प्रकाशन गर्ने ।

## परिच्छेद-३

## विविध

**(८) मूल्याङ्कनको निष्पक्षता कायम राख्नुपर्ने:**

विद्यार्थीको मूल्याङ्कन गर्दा सम्बन्धित कक्षागत शिक्षक, विषयगत शिक्षक र मूल्याङ्कन समितिले निष्पक्षता कायम गरी मूल्याङ्कन गर्नुपर्नेछ ।

(९) **उजुरी गर्न सक्ने:** कुनै विद्यालयको मूल्याङ्कन सम्बन्धमा कसैलाई चित्त नबुझेको अवस्थामा निजले वा विद्यालयले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी दिन सक्नेछ । प्रमुख प्रशासकीय अधिकृतले सो सम्बन्धमा आवश्यक छानविन गरी सम्बन्धित विद्यालयलाई मूल्याङ्कन पुनरावलोकनको आदेश दिन सक्नेछ ।

(१०) नतिजा प्रकाशन पश्चात पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनः परीक्षण गराउने र पुरक ग्रेडबृद्धि परीक्षा सञ्चालन सम्बन्धी कार्य हुने छैन ।

(११) **बाझिएमा अमान्य हुने:** यस निर्देशिकामा कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म निर्देशिको व्यवस्था अमान्य हुनेछ ।

२०७८।१।१५

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**आज्ञाले,**

**विष्णु रञ्जन वराल**

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची-१

## विद्यार्थी मूल्याङ्कन फाराम

(परिच्छेद २ को दफा ६ (क) सँग सम्बन्धित)

विद्यालयको नाम: .................................................................. ठेगाना: महाकुलुङ गाउँपालिका, वडा नं..... , सोलुखुम्बु ।

कक्षा: ४ र ५ शैक्षिक सत्र:..........

| रोल नं. | विद्यार्थीको नाम, थर | आवधिक मूल्याङ्कनको प्राप्ताङ्क (४०%) (क) | | आन्तरिक मूल्याङ्कनबाट प्राप्ताङ्क (६०%) (ख) | | | | | जम्मा | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजना कार्य (२५%) | कक्षा सहभागिता (१०%) | हाजिरी (१०%) | अनुशासन (१०%) | अतिरिक्त क्रियाकलापमा सहभागिता (५%) | (क) जम्मा=३ देखि ९ सम्मको योगफल) | (ख) CAS (१००) | जम्मा औसत= (क+ख)/२ | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

कक्षा शिक्षक: परीक्षा संयोजक: प्रधानाध्यापक:

महाकुलुङ गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

## विद्यार्थी मूल्याङ्कन फाराम

(परिच्छेद २ को दफा ६ (क) सँग सम्बन्धित)

विद्यालयको नामः ........................................................................ ठेगानाः महाकुलुङ गाउँपालिका, वडा नं..... , सोलुखुम्बु ।

कक्षाः ६, ७ र ८ शैक्षिक सत्रः...........

| रोल नं. | विद्यार्थीको नाम, थर | आवधिक मूल्याङ्कनको प्राप्ताङ्क (४०%) | | आन्तरिक मूल्याङ्कनबाट प्राप्ताङ्क (६०%) | | | | | जम्मा | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजना कार्य (२५%) | कक्षा सहभागिता (१०%) | हाजिरी (१०%) | अनुशासन (१०%) | अतिरिक्त क्रियाकलापमा सहभागिता (५%) | (क) जम्मा=३ देखि ९ सम्मको योगफल) | (ख) CAS (४०) | जम्मा= (क) को ६०%+(ख) को ४०% | कक्षा ८ को लागि CAS लागू नहुने |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

कक्षा शिक्षकः परीक्षा संयोजकः प्रधानाध्यापकः

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... सोलुखुम्बु ... प्रमुख प्रशासकिय अधिकृत

### अनुसूची-३

### आधारभूत तह (कक्षा-८) उतीर्ण परीक्षा

### महाकुलुङ गाउँपालिका, बुङ सोलुखुम्बु ।

### विद्यार्थीहरुको अन्तिम मूल्याङ्कनबाट प्राप्त समष्टिगत प्राप्ताङ्क विवरण

(परिच्छेद २ को दफा ७ (ङ) सँग सम्बन्धित)

विद्यालयको नाम र ठेगाना:

कक्षा: ८ शैक्षिक सत्र:........... विद्यार्थी सङ्ख्या:

| क्र. सं. | सिम्बोल नं. | विद्यार्थीको नाम, थर | जन्ममिति | लिङ्ग | विषयहरु | | | | | | | | | | | | | | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | Nepali | | English | | Math | | Social & Pop. | | Science & Env. | | Health & Phy. | | Moral Edu. | | OBT & Tech. | | Local Sub. | | | |
| | | | | | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

**कक्षा शिक्षक:**

नाम थर:

दस्तखत:

मिति:

**परीक्षा संयोजक:**

नाम थर:

दस्तखत:

मिति:

**प्रधानाध्यापक:**

नाम थर:

दस्तखत:

मिति:

**विद्यालयको छाप:**

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु

२०८०।१।१९

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची-४

## विद्यार्थी मूल्याङ्कन फाराम

(परिच्छेद २ को दफा ६ (क) सँग सम्बन्धित)

विद्यालयको नामः .......................................................................... ठेगानाः महाकुलुङ गाउँपालिका, वडा नं..... , सोलुखुम्बु ।

कक्षाः ९ शैक्षिक सत्रः..........

| रोल नं. | विद्यार्थीको नाम, थर | आवधिक मूल्याङ्कनको प्राप्ताङ्क (४०%) (क) | | आन्तरिक मूल्याङ्कनबाट प्राप्ताङ्क (६०%) (ख) | | | | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| | | त्रैमासिक परीक्षा (१०%) | अर्धवार्षिक परीक्षा (३०%) | परियोजना कार्य (२५%) | कक्षा सहभागिता (१०%) | हाजिरी (१०%) | अनुशासन (१०%) | अतिरिक्त क्रियाकलापमा सहभागिता (५%) | जम्मा=(३ देखि ९ सम्मको योगफल) | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कक्षा शिक्षकः परीक्षा संयोजकः प्रधानाध्यापकः

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत